
# हिमपात पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना

## २०८२



नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

इ. दिनेश

# विषयसूची


१. पृष्ठभूमि ........ १

२. कार्ययोजनाको उद्देश्य ........ १

३. प्राथमिकता ........ २

४. हिमपातबाट प्रभावित हुने प्रदेश तथा जिल्ला ........ २

५. प्रत्यक्ष प्रभावहरू ........ २

६. जोखिमका कारणहरू ........ ३

७. जोखिम न्यूनीकरणका उपायहरू ........ ३

८. हिमपात पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना ........ ६

९. अनुगमन तथा मूल्याङ्कन ........ १२


डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

# हिमपात पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२

## १. पृष्ठभूमि

नेपालका हिमाली तथा उच्च पहाडी जिल्लाहरूमा सामान्यतया मंसिर महिनादेखि फागुन महिनासम्म भारी हिमपातको प्रभाव देखिने गरेको छ। यो अवधिमा तापक्रम निकै नै घट्न गई उच्च हिमाली क्षेत्रको साथै उच्च पहाडी क्षेत्रमा पनि वर्षाका रूपमा हिउँ पर्ने गर्दछ। हिमपातका कारण हुने अत्यधिक चिसोबाट हिमाली तथा उच्च पहाडी क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गका व्यक्तिहरू तथा पशुपन्छी बढी प्रभावित हुने गरेका छन्। हिमपातबाट बढी प्रभावित हुने संकटासन्न समूह जस्तैः वृद्धवृद्धा, बालबालिका, सुत्केरी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी लगायतलाई विशेष संरक्षणको आवश्यकता पर्दछ। हिमाली क्षेत्रमा परम्परागत रूपमा यार्सा-गुन्सा (जाडोको अवधिमा तल्लो भेगमा बसाई सर्ने र गर्मी लागे पछि माथिल्लो भेगमा सर्ने) परिपाटी छ। यसबाट जोखिम कम हुने गर्दछ तापनि हिमपातका कारण सवारी साधन चल्ने सडक तथा पदमार्गहरू पुरिने तथा हिमपहिरो समेत जाने भएकोले सडक यातायात, पदयात्री तथा पर्वतारोहीहरू जोखिममा पर्ने गरेका छन्।

यही कार्तिक दोस्रो साता देशका विभिन्न भागमा परेको हिमपातका कारण जनजीवन प्रभावित हुन पुग्यो। हिमपातको समयमा प्रभावित हुने क्षेत्र तथा समुदायमा प्रकोपको असर तथा विपद् जोखिम कम गर्नका लागि गर्नुपर्ने आवश्यक पूर्वतयारीका साथै हिमपातबाट जनजीवनमा पर्ने प्रभाव कम गर्न एवं प्रतिकार्यको लागि आवश्यक पर्ने राहतका सामग्रीहरूको अग्रीम व्यवस्था गर्न यो कार्ययोजना तयार गरिएको हो। यसै कार्ययोजनालाई आधार मानेर हिमपातबाट प्रभावित हुने सबै प्रदेश, जिल्ला र स्थानीय तहबाट स्थानीय परिवेश अनुसारको योजना बनाई कार्यान्वयन गरिनेछ।

## २. कार्ययोजनाको उद्देश्य

हिमपात पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ को प्रमुख उद्देश्य सरोकारवाला सबै पक्षसँगको समन्वय, सहकार्य र सहभागितामा हिमपातबाट हुन सक्ने संभावित क्षति तथा जनजीवनमा पर्ने असर न्यूनीकरण गर्नु रहेको छ। अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:-

(क) विपद्को अवस्थामा प्रभावितहरूको जनधनको सुरक्षा तथा मानवीय सहयोगका लागि पूर्वतयारी तथा प्रतिकार्य गर्नु,

(ख) सीमित श्रोत साधनको अधिकतम उपयोग गरी पूर्वतयारी तथा प्रतिकार्यलाई शीघ्र एवं प्रभावकारी बनाउनु,

(ग) आपत्कालीन प्रतिकार्यका लागि सबै तहका सरकार एवं सरोकारवाला निकायहरूको प्रभावकारी परिचालन एवं समन्वय सुनिश्चित गर्नु,



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

(घ) चिसोका कारण हुन सक्ने संक्रमण रोक्न स्वास्थ्य मापदण्डको पालना गर्नु, गराउनु।

## ३. प्राथमिकता

क. जोखिम न्यूनीकरण गर्न सरोकारवाला निकायहरूसँग समन्वय, सहकार्य र संचार।

ख. हिमपात प्रभावितका लागि आवश्यक राहत सामग्री तथा वित्तीय स्रोतको व्यवस्थापन।

ग. अद्यावधिक मौसम पूर्वानुमान र पूर्वसूचनाको समयमै प्रभावकारी संचारण।

घ. जोखिम न्यूनीकरणका सुझाव तथा निर्देशनको प्रभावकारी कार्यान्वयन।

ङ. जोखिम न्यूनीकरणका लागि सचेतना अभिवृद्धि।

च. प्रभावित हुन सक्ने क्षेत्रको नक्साङ्कन र प्राथमिकीकरण।

छ. जेष्ठ नागरिक, बालबालिका, दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला लगायतका संकटासन्न समूहलाई विशेष हेरचाह तथा संरक्षण।

ज. आपत्कालीन खोज तथा उद्धार।

## ४. हिमपातबाट प्रभावित हुने प्रदेश तथा जिल्ला

| क्र.सं. | प्रदेश | बढी प्रभावित हुने जिल्लाहरू |
|---|---|---|
| १. | कोशी | ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, पाँचथर, तेह्रथुम, संखुवासभा, ओखलढुङ्गा, भोजपुरको माथिल्लो क्षेत्र। |
| २. | बागमती | दोलखा, सिन्धुपाल्चोक, रामेछाप, रसुवा, धादिङ |
| ३. | गण्डकी | गोरखा, मनाङ, मुस्ताङ, बागलुङ, कास्की |
| ४. | लुम्बिनी | रुकुम पूर्व |
| ५. | कर्णाली | डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट |
| ६. | सुदूरपश्चिम | बाजुरा, बझाङ, दार्चुला, बैतडी, डडेलधुरा |

## ५. प्रत्यक्ष प्रभावहरू

**(क) जनस्वास्थ्य**

- अत्यधिक चिसोको कारण हाइपोथर्मिया, खोकी जस्ता स्वास्थ्य समस्याहरू देखिन सक्ने।
- चिसोको कारण निमोनिया हुन सक्ने, दीर्घरोगको असर बढ्न सक्ने ।

**(ख) यातायात, सञ्चारमा अवरोध**

- भारी हिमापातका कारण सडक तथा हवाई यातायात आंशिक तथा पूर्ण रूपमा बन्द हुन सक्ने।
- विद्युत प्रवाहमा अवरोध उत्पन्न हुन सक्ने।



डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

- संचार सम्पर्क अवरुद्ध हुन सक्ने।
- पदयात्रा तथा पर्वतारोहण लगायतका पर्यटकीय गतिविधि प्रभावित हुन सक्ने।

(ग) **जीविकोपार्जनमा असर**

- खानपान तथा बसाइमा प्रभाव पर्न सक्ने।
- कृषि उत्पादन तथा अन्नबाली नाश हुनसक्ने, उत्पादनमा प्रभाव पर्न सक्ने।
- पशुपन्छी बिरामी हुने वा मर्ने जोखिम बढ्न सक्ने।
- पर्यटन क्षेत्रसँग जोडिएको रोजगारी प्रभावित हुन सक्ने।
- हिमपात हुँदा फसेका पदयात्रुलाई खानपान तथा बसाइ व्यवस्थापनमा कठिनाई उत्पन्न हुन सक्ने।

(घ) **जीवनशैलीमा असर**

- चिसोका कारण मानिसहरूको दैनिकी प्रभावित हुन सक्ने।
- हिमपात प्रभावित क्षेत्रमा खाद्य सामग्री र इन्धनको अभाव हुन सक्ने।
- हिमपात प्रभावित क्षेत्रमा अत्यावश्यक आधारभूत सामान पुग्न समस्या हुँदा गास, बास, कपास, स्वास्थ्योपचार लगायतमा कठिनाई उत्पन्न हुन सक्ने।

## ६. जोखिमका कारणहरू

(क) **भौगोलिक अवस्था**

- हिमाली तथा उच्च पहाडी क्षेत्रमा तापक्रम धेरै घटेर चिसो हुनु एवं स्याँठ, सिरेटो चल्नु।

(ख) **जलवायु परिवर्तन**

- सरदर समय अगावै वा पछिसम्म हिमपात हुनु।
- हिमपातको अवधि र विषमतामा अनिश्चितता बढ्दै जानु।

(ग) **विपन्नता र कमजोर तयारी**

- गरिबीको रेखामुनी रहेको जनसंख्याको कमजोर आवास।
- न्यानो कपडा, सुरक्षित आश्रयस्थल र आपत्कालीन राहत सेवाको अभाव हुनु।
- सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन नहुनु।
- जनचेतनाको कमी हुनु।
- चिसोको असर कम गर्ने भ्रम तथा दुर्व्यसनमा मादक पदार्थ सेवन गर्ने गलत प्रवृत्ति।

## ७. जोखिम न्यूनीकरणका उपायहरू

- प्रभावित/जोखिम क्षेत्र र समुदायको पहिचान र प्राथमिकीकरण गर्ने।
- हिमपातको पूर्वानुमानलाई थप भरपर्दो बनाउने।
- पूर्वसूचनाको समयमै संचार गर्ने। पूर्वसूचनामा तल्लो तहसम्मको पहुँच स्थापित गर्ने।
- प्रदेश र स्थानीय तहले पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

- हिमपातबाट प्रभावितका लागि राहत वितरणको योजना बनाउने र तत्काल परिचालन हुने गरी संयन्त्र गठन गर्ने।
- वडा, टोल र समुदायस्तरसम्म हिमपातबाट बच्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- प्रभावित क्षेत्रमा क्रियाशील गैरसरकारी संघसंस्थाले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्ययोजना कार्यान्वयनमा सहयोग गर्ने।
- चेकप्वाइन्टहरूमा पदयात्रीहरूको नाम, ठेगाना तथा सम्पर्क नम्बरसहितका विवरण राख्ने एवं पदयात्रीहरूले स्थानीय पथप्रदर्शक (गाइड) हरू समेत लिई समूहमा हिड्नुपर्ने व्यवस्था अनिवार्य गर्ने।
- लामो दूरीको तथा उच्च क्षेत्रको पदयात्रामा निस्केका यात्रीले स्याटेलाइट फोन लिनुपर्ने व्यवस्था गर्ने।
- सुरक्षाकर्मीको परिचालन गर्दा हिमाली क्षेत्रको उद्धार तालिम लिएका एवं हिमाली तथा उच्च पहाडी क्षेत्रमा काम गरेका जनशक्तिलाई प्राथमिकतामा राख्ने।
- संरक्षण क्षेत्रहरू तथा अन्य सम्बन्धित निकायले पदमार्ग तथा अन्य पूर्वाधारबारे सूचना पाटीहरू राख्ने व्यवस्था मिलाउने।
- हिमपात र चिसोको असरबाट बच्न अपनाउनुपर्ने उपायहरू सहितका निम्नानुसारका सन्देशमूलक सूचना सामग्रीहरू विभिन्न सञ्चार माध्यमबाट प्रसारण गर्ने व्यवस्था मिलाउने।
    - ❖ जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं।
    - ❖ हिमपातको समयमा घरबाहिर तथा खुल्ला स्थानमा धेरै समय नबिताऔं।
    - ❖ शरीरको सबै भाग ढाक्ने गरी बाक्लो र न्यानो लुगा लगाउँ।
    - ❖ सुत्दा न्यानो सिरक, कम्मलजस्ता ओढ्ने प्रयोग गरौं, छाती तथा टाउको अनिवार्य रूपमा ढाकौं।
    - ❖ हिमपात र चिसोको समयमा आगो तापेर वा विद्युतीय उपकरण प्रयोग गरी शरीरलाई न्यानो राखौं। खासगरी, छाती र टाउकोलाई चिसोबाट जोगाऔं।
    - ❖ बेलाबेला तातो पानी, पोषिलो तातो झोल पदार्थ प्रशस्त मात्रामा पिउने गरौं।
    - ❖ चिसो मौसममा इन्फ्ल्युएन्जा, निमोनिया लगायतका संक्रमण बढी हुने हुँदा विशेष ध्यान दिउँ।
    - ❖ बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरूको हेरचाहमा विशेष ध्यान दिउँ।
    - ❖ ज्वरो आए, झाडापखाला लागे, दम बढे, खोकी लागे, घ्यार घ्यार भए, सास फेर्न कठिन भए वा अन्य स्वास्थ्य समस्या देखिए तत्काल स्वास्थ्यकर्मीसँग सम्पर्क गरौं।
    - ❖ घरेलु पशुपन्छीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं। पर्याप्त घाँस, पराल र दाना दिऔं। गोठ अथवा टहरालाई न्यानो गराऔं।



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

- चिसोका कारण पशुपन्छी बिरामी भएमा नजिकैको पशु चिकित्सालय वा पशु चिकित्सकसँग सम्पर्क गरी औषधोपचार गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा वा तातो बनाउने विद्युतीय सामग्रीहरू हिटरहरू प्रयोग गर्दा झ्याल ढोका खुला राखी पर्याप्त अक्सिजन आवतजावत हुने कुरा सुनिश्चित गरौं। विद्युतीय सामग्री लामो समय प्रयोग नगरौं।
- असुरक्षितरूपमा कोठा वा घरको कुनै पनि ठाउँमा आगो बालेर नसुतौं ।
- चिसो वा भिजेको कपडा नलगाउँ। चिसो कपडाले शरिरको तापक्रम झन् छिटो घटाउँछ।
- हिउँ वा बरफ नखाऊँ। पानी जमे बरफ पगालेर पानी उमालेर तातो पानी पिऊँ ।
- पदयात्री एवं पर्वतारोहीले हिमपात तथा अत्यधिक चिसोको पर्याप्त सुरक्षा प्रबन्ध गरेर मात्र यात्रा गरौं।
- चिकित्सकसँगको सल्लाहमा आपत्कालीन अवस्थामा अन्यावश्यक हुने औषधी लगायनका सामग्री सँगै लिएर जाऔं।

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

## ८. हिमपात पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हिमपातबाट प्रभावित हुने क्षेत्र तथा लक्षित वर्गको पहिचान गरी तथ्याङ्क अद्यावधिक एवं लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने। | १. प्रभावित हुने सम्भाव्य जिल्ला तथा जिल्ला अन्तर्गतका बस्ती, समुदाय र लक्षित वर्गको पहिचान गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय, जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | २०८२ मंसिर १५ गतेभित्र | |
| | | २. तत्काल राहत उपलब्ध गराउनु पर्ने जनसंख्याको तथ्याङ्क संकलन तथा विवरण अद्यावधिक गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | | |
| | | ३. जेष्ठ नागरिक, बालबालिका, दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला लगायतका संकटासन्न समूहको संवेदनशीलताका आधारमा लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | | |



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | हिमपातका कारण उत्पन्न हुन सक्ने विपद् प्रतिकार्यका लागि पूर्वतयारी तथा पूर्वानुमान अनुसार पूर्वकार्य गरी क्षति न्यूनीकरण गर्ने। | १. हिमपातको जोखिमबारे आवश्यकता अनुसार बहुभाषामा श्रव्यदृश्य सामग्री उत्पादन एवं सचेतनामूलक कार्यक्रम गरी विद्यालय, समुदाय र आम संचारमाध्यम, सामाजिक सञ्जाल इत्यादि मार्फत जनचेतना अभिवृद्धि गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सबै Leads & Co-leads | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, सञ्चार जगत | हिमपात शुरु हुनु अगावै | |
| | | २. दुर्घटना कम गर्न गोरेटो, घोडेटो, पर्यटक पदयात्रा मार्गमा स्नो पोष्ट (बाटो देखाउने खाँबो) को नेटवर्क निर्माण गर्ने एवं सडक/पदमार्ग किनारामा सुरक्षित सडक र जोखिम हुन सक्ने निर्धारण गरी चिन्ह वा स्नो पोष्ट बनाउने। | सम्बन्धित सडक विभाग, कार्यालय, स्थानीय तह तथा समुदाय | प्रदेश तथा संघीय निकायहरू | मंसिर मसान्तसम्म | |
| | | ३. सडकमा हिउँ पन्छाउन आवश्यक मेशिन औजारका साथै सो सम्बन्धी जनशक्ति तयारी अवस्थामा राख्ने। | सम्बन्धित सडक कार्यालय | प्रदेश तथा संघीय निकायहरू | मंसिर मसान्तसम्म | |
| | | ४. हिमपात हुने सडकमा चल्ने सवारी साधनहरूको अवस्था नियमित चेकजाँच गरी क्षमता दुरुस्त राख्ने। | सम्बन्धित सवारी साधन धनी | यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी | निरन्तर | |
| | | ५. हिमपात हुने सडकमा चल्ने सवारी साधनका सवारी चालकहरूलाई पूर्वसावधानीका लागि सम्बन्धित सडक | यातायात व्यवसायी तथा सवारी चालक संघ | यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी | निरन्तर | |



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्यालय, यातायात कार्यालय तथा पेशागत संघसंस्थाहरूले आवश्यक तालिम तथा सचेतना प्रदान गर्ने। | | | | |
| | | ६. पहिचान र संकटासन्नताका आधारमा प्राथमिकीकरण भएका हिमपातबाट प्रभावित हुने संकटासन्न समुदायलाई न्यानो कपडा, कम्बल, दाउरा लगायतका राहत सामग्रीको वितरण गर्ने। | प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सम्वद्ध Leads & Co-leads | सुरक्षा निकाय, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, निजी क्षेत्र | हिमपात शुरु हुनु अगावै | |
| | | ७. हिमपातका कारण उत्पन्न सक्ने स्वास्थ्य जटिलतालाई मध्यनजर गरी बढी प्रभाव पर्न सक्ने क्षेत्र र समुदायमा रहेका स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधी उपकरण र जनशक्ति आपूर्तिको सुनिश्चितता गर्ने, आवश्यकता अनुसार स्वास्थ्य शिविर र Telemedicine सेवा सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गतका स्वास्थ्य संस्थाहरू, प्रदेश सरकार, स्थानीय तह | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | नियमित | |
| | | ८. हिमपातबाट प्रभावितलाई मनोसामाजिक परामर्श, स्वास्थ्योपचार लगायतको सहयोगका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, सबै Leads & Co-leads | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | नियमित | |



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | पूर्वानुमान तथा पूर्वसूचना सम्बन्धी संयन्त्रलाई थप प्रभावकारी बनाई सही सूचना समयमै सही तरिकाले सम्बन्धित व्यक्ति/समुदायले पाउने व्यवस्था मिलाउने। | १. एस.एम.एस., रेडियो, टिभि, सामाजिक सञ्जाल (फेसबुक, भाइबर, व्हाट्सएप, ट्वीटर लगायत) लगायतका माध्यमबाट हिमपात सम्बन्धी पूर्वसूचना र परामर्श नियमित सम्प्रेषण गर्ने। | जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह | पर्यटन बोर्ड/विभाग, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विपद् सम्बद्ध कार्यमा क्रियाशील सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, संचार जगत, निजी क्षेत्र | नियमित | |
| | | २. अन्तर सरकारी सूचना सञ्जाल मार्फत पूर्वानुमान तथा पूर्वसूचना सरोकारवाला सबै निकायले प्राप्त गरी आ-आफ्नो संयन्त्र मार्फत प्रभावकारी सम्प्रेषण गर्ने व्यवस्था मिलाउने। | जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, संचार जगत | मंसिर मसान्तभित्र | |
| ४ | सीमित स्रोत साधनको अधिकतम उपयोग हुने गरी राहत सामग्री तथा वित्तीय स्रोतको व्यवस्थापन, गर्दै उद्धार तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउने। | १. जिल्ला, तथा स्थानीय विपद् व्यवस्थापन समितिका विपद् कोषहरूको न्यूनतम मौज्दात सुनिश्चित गर्ने एवं राहत सामग्रीहरूको मौज्दात (stockpile) अद्यावधिक गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | मंसिर २० गतेभित्र | |
| | | २. विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत संघसंस्थाहरूसँग रहेको वित्तीय स्रोत र राहत सामग्रीहरूको विवरण अद्यावधिक गरी तयारी अवस्थामा राख्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह, सबै Leads & Co-leads | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | मंसिर २० गतेभित्र | |
| | | ३. सामाजिक सुरक्षा भत्तालाई जाडोको सामना गर्न सदुपयोग गर्ने गरी सम्बन्धित | स्थानीय तह, धार्मिक तथा सामाजिक संघसंस्थाहरू | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | मंसिर मसान्तभित्र | |



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | व्यक्ति तथा परिवारलाई उपलब्ध गराउने। | | | | |
| | | ४. गुरुकुल, गुम्बा, विहार, स्थानीय समुदायमा रहेका सार्वजनिक भवन इत्यादीमा एसी, हिटर, तातो पानी पिउने सुविधा आदिको व्यवस्था गरी सम्बन्धित समुदायका सङ्कटासन्न मानिसहरूलाई राख्ने व्यवस्था गर्ने। | स्थानीय तह, सम्बन्धित धार्मिक तथा सामाजिक संघसंस्था र समुदाय | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | हिमपात शुरु हुनासाथ नसकिएसम्म | |
| | | ५. राहत तथा वित्तीय स्रोतको थप आवश्यकताको विवरण संकलन गर्ने एवं सम्बन्धित तहमा राहत तथा वित्तीय स्रोतको हस्तान्तरण गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सबै Leads & Co-leads | विपद् सम्बद्ध सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | मंसिर मसान्तभित्र | |
| ५ | सम्बन्धित सबै निकायहरूसँगको समन्वय, सहकार्य र सहभागितामा खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने। | १. हिमपातका कारण अवरुद्ध पदमार्ग तथा सडक सुचारु गर्न आवश्यक मेसिन तथा उपकरणहरू तयारी हालतमा राख्ने। | सडक विभाग, प्रदेश सरकार, जिल्ला सुरक्षा समिति, स्थानीय तह | सुरक्षा निकाय, निजी क्षेत्र | हिमपात अघि र भएपछि | |
| | | २. विपद्को बेला संकटकालीन सञ्चार प्रणाली सुचारु गर्न सक्ने संयन्त्र निर्माण गरी परिचालन गर्ने | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, दूरसञ्चार प्राधिकरण | सुरक्षा निकाय, सञ्चार जगत | हिमपात अघि र भएपछि | |
| | | ३. विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड अनुसार | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय | तत्काल | |



इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यलाई समन्वयात्मक एवं एकद्धार प्रणाली मार्फत सञ्चालन गर्ने। | प्राधिकरण, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सबै Leads & Co-leads | निकायहरू, नागरिक समाज, सञ्चार जगत, निजी क्षेत्र | | |
| | | ४. आपत्कालीन अवस्थामा हवाई उद्धारलाई छिटो, छरितो र सुरक्षित बनाई प्रभावितको जीवन रक्षा गर्न सम्बन्धित सबै पक्षसँग प्रभावकारी समन्वय र सहकार्य गर्ने। | गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, जिल्ला सुरक्षा समिति | विपद् सम्वद्ध अन्य सरकारी निकायहरु, सुरक्षा निकाय, हवाईसँग सम्बन्धित निजी क्षेत्र, पर्यटन व्यवसायीहरु | निरन्तर | |

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

## ९. अनुगमन तथा मूल्याङ्कन

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस कार्ययोजना कार्यान्वयनमा आउन सक्ने समस्या वा बाधाको समयमै पहिचान गरी प्रभावकारी कार्यान्वयनको लागि सहजीकरण गर्नेछ। सम्बन्धित प्रदेश, जिल्ला विपद् व्यवस्थापन समिति, सरकारी, गैसरसरकारी तथा निजी क्षेत्रसँग आवश्यक समन्वय गरिनेछ।

पर्यटन विभाग, पर्यटन व्यवसायी, पथप्रदर्शक तथा भरियाहरूका पेशागत संघसंस्थासँग अत्यधिक चिसो, भारी हिमपात तथा सम्बन्धित जोखिमहरूको बारेमा आवश्यक पूर्वतयारी, सावधानी तथा प्रभावकारी प्रतिकार्य गर्न समन्वय गरिनेछ। हिमपात क्षेत्रमा वा हिमपात हुने क्षेत्र भएर चल्ने सवारी साधनहरूको अवस्था र क्षमता दुरुस्त राख्नुका साथै सवारी चालकहरूलाई पूर्वसावधानीका लागि सम्बन्धित सडक कार्यालय, यातायात कार्यालय तथा पेशागत संघसंस्थाहरू मार्फत समन्वय गरिनेछ।

कार्ययोजनाले निर्दिष्ट गरे बमोजिम जिम्मेवार निकायहरूको पूर्वतयारी तथा प्रतिकार्यमा प्राधिकरणले आवश्यक समन्वय, सहजीकरण र नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ। जिम्मेवार तथा सहयोगी निकाय सबैको सहभागितामा हिमपात पूर्वतयारी तथा प्रतिकार्यको समग्र अवस्थाको नियमित रूपमा समीक्षा तथा लेखाजोखा गरिनेछ।

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख